आज मिति २०८२ साल चैत्र ०६ गते शुक्रबारको दिन दिउसो १:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा वसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को तेहौं कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | [signature] |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | [signature] |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | [signature] |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | [signature] |
| ७ | ईश्वर राई | वडाध्यक्ष | [signature] |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | [signature] |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | [signature] |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | [signature] |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | [signature] |
| आमन्त्रित | | | |
| | | | |

प्रस्तावहरु:

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: प्रदेश समपुरक अनुदान माग सम्बन्धमा ।

प्रस्ताव नं. ३: कानून तर्जुमा मस्यौदा समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ४: शिक्षक प्रोत्साहन रकम कार्यविधि,२०८२ प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ५: सिलीचोङ गाउँपालिका छात्रावृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८० को पहिलो संशोधन प्रस्ताव २०८२ सम्बन्धमा ।

[signature]

२०८२।१२।०६

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**प्रस्ताव नं. ६ः जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भएको अपुग खर्च रकम सम्बन्धमा ।**

**प्रस्ताव नं. ७ः गाउँसभाको हिउँदे अधिवेशन सम्बन्धमा ।**

**प्रस्ताव नं. ८ः LGPAS कार्यान्वयन सम्बन्धमा ।**

**प्रस्ताव नं. ९ःरजिष्ट्रेशन पास वापतको रकम भुक्तानी सम्बन्धमा ।**

**प्रस्ताव नं. १०ःसरुवा सहमति सम्बन्ध सम्बन्धमा ।**

**प्रस्ताव नं.११ःयोजना छनोट तथा प्रस्ताव पेश सम्बन्धमा ।**

निर्णयहरुः

**प्रस्ताव नं. १ः समिक्षा सम्बन्धमा ।**

निर्णयः आर्थिक वर्ष २०८२/८३ को बाहौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्वन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. २ः प्रदेश समपुरक अनुदान माग सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं. २ उपर छलफल आर्थिक मामिला तथा योजना मन्त्रालय ( योजना तथा अनुगमन शाखा ) को च.न. ८८२ मिति २०८२/११/२८ गते स्थानीय तहबाट आ.व. २०८३/८४ का लागि प्रदेश समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी पत्र उपर छलफल गर्दा तपशिल बमोजिमका योजनाहरु माग गर्ने सर्वसहमतिले पारित गरियो ।

तपशिलः

क. प्रदेश समपुरक अनुदानका अन्तर्गत माग गरिने आयोजना वा कार्यक्रमः

१. श्री माहेश्वरी आ.वि.को अधुरो भवन तथा मेशिनरी पर्खाल निर्माण योजना ।

२. श्री नागिटार पर्यटकीय स्थल निर्माण योजना ।

साथै यस आर्थिक वर्षमा (२०८२/८३) मा प्रदेश समपुरक साझेदारी कार्यक्रम अन्तर्गत संचालित ५ नम्वर वडा कार्यालय भवन निर्माण योजना बहुबर्षिय रुपमा सम्पन्न गर्ने गरी प्रदेश सरकारसँग गत आर्थिक वर्षमा प्रस्ताव पेश गाउँपालिकाले गरेको भएतापनि एक आर्थिक वर्षभित्र सम्पन्न हुने गरी ठेक्का आह्वन भएकोले यस आर्थिक वर्षको निर्धारित समयभित्र भौगोलिक विकटता लगायतको कारणले सम्पन्न हुन नसकेमा उक्त योजना गाँउ पालिकाले नै अन्तिम जिम्मेवारी र जवाफदेहि हुने गरी बजेट आगामी आर्थिक वर्षमा विनियोजन गरेर सम्पन्न गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३ः कानून तर्जुमा मस्यौदा समिति गठन सम्बन्धमा ।**

२०८२/१२/०६

निर्णयः प्रस्ताव नं.३ उपर छलफल गर्दा संविधानले सुनिश्चित गरेका क्षेत्राधिकार भित्र गाउँपालिकालाई आवश्यक विभिन्न कानून पारित को मस्यौदा तयार गर्नका लागि गाउँ सभा तथा नगर सभा संचालत ऐन, २०७५ को दफा २२ बमोजिम तपशिल बमोजिमका सदस्यहरु रहने गरी कानुन तर्जुमा मस्यौदा समिति गठन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः

१. अध्यक्ष -श्री भुपालराज राई

२. सदस्य- श्री देविता राई

३. सदस्य- श्री ईश्वर राई

४. सदस्य- श्री देबेन्द्र राई

५. सदस्य- श्री गणेश राई

६. सदस्य- श्री प्रताप सिंह तामाङ

७. सदस्य- श्री मन कुमारी राई

८. सदस्य सचिव – प्रमुख प्रशासकिय अधिकृत

**प्रस्ताव नं. ४ः शिक्षक प्रोत्साहन रकम कार्यविधि,२०८२ प्रस्ताव सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ४ उपर छलफल गर्दा सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री प्रताप सिंह तामाङ ज्यूले पेश गर्नुभएको शिक्षक प्रोत्साहन रकम कार्यविधि,२०८२ प्रस्ताव उपर छलफल गर्दा उक्त कार्यविधि सर्वसहमतिले पारित गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ५ः सिलीचोङ गाउँपालिका छात्रावृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८० को पहिलो संशोधन प्रस्ताव,२०८२ सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्वर ५ उपर छलफल गर्दा सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री प्रताप सिंह तामाङ ज्यूले पेश गर्नुभएको सिलीचोङ गाउँपालिका छात्रावृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८० को पहिलो संशोधन प्रस्ताव,२०८२ उपर छलफल गर्दा आगामी कार्यपालिका बैठकमा छलफल गरी अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ६ः जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भएको अपुग खर्च रकम सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्वर ६ उपर छलफल जिल्ला खेलकुद विकास समितिको च.न.१२७ मिति २०८२/११/१७को पत्रानुसार सभाभोखरी गाउँपालिकामा मिति २०८२/११/२८देखि २०८२/११/३० सम्म संचालन भएको अन्तरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विभिन्न

२०८२।१२।०६

प्रतिमा राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

विधाका खेलाडीहरु सहभागी वापतको अपुग रु. १,४०,०००/- रकम आयोजना व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ७: गाउँसभाको हिउँदे अधिवेशन सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन,२०७५ को परिच्छेद दुई दफा ३ उपदफा (२) सपष्टिकरण खण्डमा सभाको एउटा नियमित अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि आठ महिना भन्दा बढी हुने छैन भन्ने उल्लेख भएतापनि आसन्न प्रतिनिधि सभा निर्वाचन, २०८२ को आचारसंहिता लगायत विभिन्न कारणले गर्दा समयमै संचालन गर्ने नसकेको कारणले चैत्र मसान्तभित्र निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. ८:LGPAS कार्यान्वयन सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा जनप्रतिनिधि तथा कर्मचारीहरुको संयुक्त सहकार्यमा **LGPAS** कार्यविधि,२०८२कार्यान्वयन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ९: रजिष्ट्रेशन पास वापतको रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा ५ नम्बर वडा कार्यालय याफु तथा ३ नम्बर वडा कार्यालयमा निर्माणको चरणमा रहेको कबर्ड हलको जग्गा रजिष्ट्रेशन पास गर्नका लागि मालपोत कार्यालय तथा नापी कार्यालय खाँदबारी सम्म जादाआउदा जग्गा दिने दाता सहयोगी जग्गा साधियार र सर्जमिन मुचुल्का उपस्थित सम्बन्धित व्यक्तिहरु र सम्बन्धित वडाका जनप्रतिनिधिहरु, गाउपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरु तथा नापी र मालपोत कार्यालयका कर्मचारीहरु उक्त रजिष्ट्रेशन पास सम्बन्धी कार्यमा खट्दा खाना, बास, खाजा, चिया र आवातजावतमा लागेको खर्च वापतको रु.१,८७,८९८/- आयोजना व्यवस्थापन शिर्षक वापतको रकम बाट व्यहोर्ने सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. १०: सरुवा सहमति सम्बन्ध सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नम्बर १० उपर छलफल गर्दा वडा नम्बर ३ मा प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक पाचौं पदमा कार्यरत श्री झुमा काफ्लेको सरुवा सहमति मेचीनचर नगरपालिकाले सरुवा भई आउन दिने सहमति पत्र सहित निवेदन पेश गरेको सम्बन्धमा निजलाई निवेदन माग बमोजिमको कार्यालयमा सरुवा भई जान सहमति दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं.११: योजना छनोट तथा प्रस्ताव पेश सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा सघन शहरी तथा भवन निर्माण आयोजना च.न. १०८२, मिति २०८२/१२/०६ गतेको पत्रनुसार तपशिल बमोजिमका योजनाहरु छनोट गरी पठाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

२०८२/१२/०६

प्रमुख प्रशासकीय अधिकृत

शिल:

१. श्री संखुवा दोभान देखि पुखुवा सम्म सडक निर्माण योजना ।

२. श्री बुधबारे कोल्वा - गाउँपालिका सडक निर्माण योजना ।

३. श्री संखुवा दोभान देखि ताम्कु सडक निर्माण योजना ।

२०८१।१२।०६

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल
२०७३